# पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८०

प्रमाणिकरण मितिः २०८०/०९/१२

**पृष्ठभूमि**

परम्परागत एकल र व्यक्तिगत पशुपालन व्यवसायलाई आधुनिक र उन्नत प्रविधिको विकास गर्दै जग्गाको चक्लाबन्दी गरि व्यरोजगार युवा तथा सक्रिय कृषकहरु को सक्रियतामा कृषक,कृषकसमुह/सहकारी,पशुपालन फर्म मार्फत पशुपालन व्यवसाय गरि पशुजन्य उत्पादन जस्तै दुध,मासुरअण्डामा आत्मनिर्भर बन्नुका साथै उत्पादनमावृद्धि गरि आर्थिक विकासमा टेवा पुर्याउन गंगाजमुना गाउँपालिका र कृषकहरु को लागत साझेदारीमा गंगाजमुना गाउँपालिकामा उत्पादन हुने पशु जन्य उपजलाई विशिष्टिकृत गर्दै सहज र सरल बजारको व्यवस्थापन गरि कृषकबाट उत्पादित बस्तुहरुको सहज बजारीकरण गरि कृषकको मनोबल उच्चराख्दैकृषि प्रयटन र पुर्बाधार समृद्ध गंगाजमुनाको मूल आधार बनाउने उदेश्यले गाउँ सभाबाट विनियोजित बजेटको कार्यान्वयनको लागि पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८० बनाउन आवश्यक भएकोले गंगाजमुना गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षीप्त नाम र प्रारम्भः**

(क)यो कार्यविधिको नाम “पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८०”रहेको छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाबाटस्वीकृति भए पश्चात लागु हुनेछ।

## परिच्छेद-२

## परिभाषा

**२.परिभाषाः**

विषयवा प्रसंगलेअर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क)”गाउँपालिका”भन्नाले गंगाजमुना गाउँपालिकालाई सम्झिनुपर्छ।

ख)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गंगाजमुना गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झिनुपर्छ।

ग)÷÷शाखा प्रमुख भन्नाले गंगाजमुना गाउँपालिका को पशु सेवा शाखा प्रमुखलाई सम्झिनुपर्छ।

घ)"गाउँकार्यपालिका" भन्नाले गंगाजमुना गाउँपालिकाको गाउँकार्यपालिका सम्झनुपर्छ।

ङ)"समिति भन्नाले÷÷ छनौट समिति"÷ सम्झनुपर्छ।

च)"कृषक" भन्नाले पशुपन्छीपालनमा संग्लग्न व्यक्तिलाई÷ सम्झनुपर्छ।

छ)"पशु"भन्नालेचार खुट्टा भएका सम्पूर्ण घरपालुवा जनावरलाई जनाउदछ।

ज)"पन्छी" भन्नालेस्थानीय तथा उन्नत जातका कुखुरा तथा कालिज प्रजातिलाई जनाउदछ।

## परिच्छेद-३

## उदेश्यहरु

३. उदेश्यः

यो कार्यविधिको उदेश्य देहाय बमोजमको हुनेछ।

क)गाउँपालिकाकोभित्र पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ख) दुध,मासु र अण्डामा आत्मनिर्भर बनाउने।

ग)व्यरोजगार तथा निर्बह्मुखी पशुपन्छीपालनमा लागेका कृषकहरु लाई व्यवसायिकता तर्फ आकर्षण गर्दै आर्थिक विकास गर्ने ।

घ)रोजगारीकोसृजना गरि पशुपालन व्यवसायको व्यवसायिकता मार्फत गरिबी निवारण गर्ने ।

ङ)गाउँपालिकाका कृषकहरु लाई आवश्यक प्राबिधिक तथा परामर्श सेवा उपलब्ध गराउने ।

## परिच्छेद-४

### ४. छनौट समितिः

छनौट समिति देहाय बमोजिमको हुनेछ ।

क) प्रमुख प्रशासिकीयअधिकृत – संयोजक १ जना

ख) आर्थिक प्रशासन शाखा प्रमुख– सदस्य १ जना

ग)प्राबिधिक शाखा प्रमुख – सदस्य १ जना

घ)योजनाशाखा प्रमुख – सदस्य १ जना

ङ)पशु सेवा शाखा प्रमुख –सदस्य सचिव -१ जना

**५. छनौट समितिको काम कर्तव्य र अधिकारः**

छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क)प्रकाशित सूचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने

ख)लाभग्राहीको छनौट गर्ने

ग)कार्यक्रम सम्झौता गरि कार्यान्वयको चरणमा लैजाने

घ)समितिको बैठक सम्बन्धि प्रावधान समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

**६.छनौट प्रक्रियाः**

क)रित पुर्बक पेश हुन आएका आबेदनहरुको आधारमा सम्बन्धित शाखाले अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ ।

ख)समितिमा प्राप्त निबेदन उपर छलफल गरि समितिले कार्यक्रमको लागि लाभग्राही छनौट गर्नेछ ।

## परिच्छेद-५

## संचालन गरिने कार्यक्रम

**७.पशु सेवा कार्यक्रमहरु को विवरणः**

स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय अनुसारका क्रियाकलापहरु देहायको मापदण्ड र अनुदान सिमा भित्र रहेर संचालन गरिनेछ।

| १. | कार्यक्रमको नामःगोठतथा भकारो सुधार कार्यक्रम | |
|---|---|---|
| क | विशिष्ट उदेश्यहरु | गाई,भैंसीको स्वच्छ तथा स्वस्थ दुध उत्पादन र उत्पादकत्व वृद्धि गरि पोषण सुरक्षामा टेवा पुर्याउने |

| | | |
|---|---|---|
| | | गाउँपालिकालाई दुध उत्पादनमा आत्मनिर्भरबनाउने |
| | | रोजगारीको सृजना गर्ने |
| ख | लगानी योग्य क्रियाकलापहरु | गाईभैंसीको गोठ निर्माण तथा मर्मत सुधार गर्नुपर्ने |
| | | फर्म मेसिनरी औजार तथा उपकरण खरिद (दुध दुहुने मेसिन,चाफ कटर,काउ म्याट,मिल्क क्यान,ड्रेन्चिङ गन,डिजिटल ब्यालेन्स,औषधि आदि) |
| | | घाँस खेति विस्तार |
| | | स्थलगततालिम |
| | | परजीवी नियन्त्रण,खोप कार्य संचालन |
| ग | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत |
| घ | न्यनतम मापदण्ड | कम्तिमा २ ओटा दुहुना गाईभैंसीपालन गर्दै आएको हुनुपर्नेछ |
| | | समुहको हकमा एक समूहबाट एक जना मात्र छनौट गरि निबेदन पशु गर्नुपर्ने छ |
| | | समुहमा कम्तिमा १० जना सदस्य अनिवार्य हुनुपर्ने छ |
| | | निजि फर्म,कृषक समूह/सहकारी अनिबार्य रुपमा पालिकामा दर्ता भई स्थायी लेखा नब्बर भएको हुनुपर्नेछ। |
| | | कर चुक्ता प्रमाणपत्र अनिबार्य हुनुपर्ने छ |
| | | सहकारीकोहकमा अनिबार्य रुपमा लेखा परिक्षणगरिएको हुनुपर्ने छ |
| ङ | आवेदक | व्यवसायिकपशुपन्छी फर्म,कृषक समूह/सहकारी |
| २ | लोकल कुखुरा प्रबर्धन कार्यक्रम | |
| क | विशिष्ट उदेश्यहरु | अण्डा र मासु उत्पादन र उत्पादकत्व वृद्धि गरि पोषण सुरक्षामा टेवा पुर्याउने |
| | | गाउँपालिकालाई मासुमा आत्मनिर्भर बनाउने |
| | | रोजगारी सृजना गर्ने |
| ख | लगानी योग्य क्रियाकलापहरु | खोर निर्माण तथा मर्मत सुधार |
| | | स्थलगततालिम |
| | | परजीवी नियन्त्रण,खोप कार्य संचालन |
| ग | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत |
| घ | न्यनतम मापदण्ड | कम्तिमा १५ ओटा माउस्थानीय जातको कुखुरापालन गर्दै आएको हुनुपर्नेछ |
| | | समुहको हकमा एक समूहबाट एक जना मात्र छनौट गरि निबेदन पशु गर्नुपर्ने छ |

| | | |
|---|---|---|
| | | समुहमा कम्तिमा १० जना सदस्य अनिवार्य हुनुपर्ने छ |
| | | निजि फर्म,कृषक समूह/सहकारी अनिबार्य रुपमा पालिकामा दर्ता भई स्थायी लेखा नब्बर भएको हुनुपर्नेछ। |
| | | कर चुक्ता प्रमाणपत्र अनिबार्य हुनुपर्ने छ |
| | | सहकारीकोहकमा अनिबार्य रुपमा लेखा परिक्षणगरिएको हुनुपर्ने छ |
| ङ | आवेदक | व्यवसायिक पशुपन्छीफर्म,कृषक समूह/सहकारी |

## परिच्छेद-६

## कार्यक्रम संचालन प्रक्रिया

### ८.संचालन बिधि

क)कार्यलयले कम्तिमा १५ दिनको म्याद राखी अनुसूची-१ बमोजिमको आबेदनको लागि सूचना प्रकाशन गर्ने छ ।उक्त सूचना कार्यालय तथा सबै वडा कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ।

ख)आवेदकले अनुसूची-२ बमोजिम्कू निबेदन र कागजातहरु पेश गर्नुपर्नेछ।

ग) स्थलगत अनुगमन,मुल्यांकन तथा सम्बन्धित प्राविधिकले पेश गरेको प्रतिवेदनको आधारमा छनौट समितिले अनुदान ग्राही छनौट गर्नेछ ।

घ)छनौट भएका पशुपन्छी फर्म,कृषक समूह/सहकारी संग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ।

ङ)तोकिएको समय भित्र सम्झौता गर्न नआएको खण्डमा प्राथमिकताको आधारमा अन्य कृषकलाई कार्यक्रम प्रदान गरिनेछ।बैकल्पिक सूचिको लाभग्राही पनि सम्झौता गर्न नआएको खण्डमा वा कार्यक्रम संचालन गर्न सम्भव नभएमापुनःसूचना प्रकाशन गरि कार्यक्रम संचालन गर्न सकिनेछ।

च) सम्झौता भैसकेपछि छनौटमा परेकापशुपन्छी फर्म,कृषक समूह/सहकारीले सम्झौता बमोजिम कार्य गर्नुपर्नेछ।

छ.अनुदान रकममा नियमानुसार कर कट्टा गरिनेछ ।

९.अनुदान रकम र भुक्तानी प्रक्रियाः

क)कार्यक्रम संचालनको लागि छनौटमा परेका लाभग्राही लाई पेश्की रकम उपलब्ध गरिने छैन ।

ख) कार्यक्रम संचालनको लागि छनौटमा परेका लाभग्राहीले प्राप्त गर्ने अनुदान रकमको ५% रकम पालिकाको खातामा जम्मा गरिसम्झौताको क्रममा सक्कल भौचर अनिबार्य रुपमा बुझाउनुपर्ने हुन्छ अन्यथा सम्झौता गरिने छैन ।

ग)कार्य सम्पन्न भए पश्चात तपशिलका कागजातहरु गाउँकार्यपालिकाको कार्यलयमा पेश गरे पछी नियमानुसार अनुदान रकम एकमुष्ठ भुक्तानी गरिनेछ ।

तपशिलः

क. वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति
ख. वडाइस्तारिय अनुगमन प्रतिवेदनको सक्कल प्रति
ग. आवश्यक बिल भरपाई
घ. अनुदान कार्यक्रम संचालन भएको इस्थान्को फोटो ३ प्रति
ङ. समुहवा संस्थाको हकमा कार्य समितिको बैठकले कार्य सम्पन्न भएको निर्णयको प्रतिलिपि
च. कार्य सम्पन्न भएको प्राबिधिक प्रतिवेदन
छ. भुक्तानीको लागि निबेदन

१०.अनुगमनः

क.संचालित कार्यक्रमको गाउँपालिका,वडा कार्यालय तथा पशु सेवा शाखाले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

११.भुक्तानी दिन बाध्य नहुनेः

क.सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

ख.सम्झौतामा उल्लेखित अवधि भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी दिन बाध्य हुने छैन ।

## परिच्छेद-७

## विविध

१२.प्रचलित कानुन बमोजिमको हुनेः

यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. बाधा अड्काउ फुकाउः

यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१४.संसोधनः

यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थाघट,हेरफेर वा संसोध गर्न सक्नेछ।

## अनुसूची-१

### पशुपन्छी विकास कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचनाको ढाँचा

गंगाजमुना गाउँपालिका

गाउँकार्यपालिकाको कार्यलय

फुलखर्क,धादिङ

यस गाउँ पालिकाको आ.व.२०....../.......कोबार्षिक स्वीकृत कार्यक्रम अनुसार ......................................................कार्यक्रम संचालन गर्नुपर्नेभएकोलेइच्छुक व्यवसायिक फर्म, कृषक समूह/ सहकारीको तर्फबाट दरखास्त आह्वानको लगी यो सूचना प्रकाशन गरिएको छ।यो सूचना प्रथम पटक सूचना प्रकाशन भएको मितिले तपशिलका कागजात सहित १५ दिन भित्रमा तोकिएको ढाँचा अनुसारको आबेदन पेश गर्नुहुनअनुरोधछ ।

आवश्यक कागजातहरुः

१.अनुसूची-२ बमोजिमको रु १० को टिकट टासिएको आबेदन फारम

२.अनुसूची -३ बमोजिमको प्रस्ताव फारम

३.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

४.स्थानीय तह वा सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि(नबिकरण सहित)

५.प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि

६.करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

७.जग्गाधनीको नागरिकता र लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा भए सम्बन्धित व्यक्तिको नागरिकता सहितको सम्झौता पत्र

८.सम्बन्धित वडा कार्यालयकोसक्कलसिफारिसपत्र

९.समुहको हकमा समूहको निर्णयको प्रतिलिपि

रु १० को टिकट

अनुसूची-२

**...................................................कार्यक्रमको लागी आवेदकले पेश गर्ने निबेदन**

मितिः.......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु ,
गंगाजमुना गाउँपालिका
फुलखर्क,धादिङ

**विषयः....................................... कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरिएको बारे।**

प्रस्तुत विषयमा गंगाजमुना गाउँपालिकाको पशु सेवा शाखाबाट मिति...............................मा सूचना प्रकाशित भए अनुसार ...........................................................................कार्यक्रममा सहभागी हुन तपशिलका कागजातहरुसंग्लग्न गरि आबेदन पेश गरेको व्यहोरा अनुरोध छ।

तपशिलः

१.......................................................................

२.......................................................................

३.......................................................................

४.......................................................................

५.......................................................................

६.......................................................................

निवेदकको

हस्ताक्षरः.......................
नामः.............................
ठेगानाः..........................
मोबाइलनं.......................
छापः

# अनुसूची-३

## प्रस्ताव- पत्र

*१.पशुपन्छी फर्म,कृषक समुह/ सहकारीसम्बन्धि विवरणः*

| | |
|---|---|
| पशुपन्छी फर्म,कृषक समुह/ सहकारीको नाम | |
| ठेगाना | |
| आबेदकको संस्थाको किसिम | |
| संचालक/अध्यक्षको नाम | |
| संस्था दर्ता भएको मिति | |
| नबिकरण भएको मिति | |
| स्थाई लेखा नम्बर | |
| सस्थाको मुख्य उदेश्य | |
| कार्यक्रमको नाम | |
| कार्यक्रम संचालन हुने स्थान | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भैरहेको भए,कुन संस्थाबाट के उदेश्यको लागि वित्तीय सहयोग प्राप्त गर्नु भएको,खुलाउनुहोस् | |
| बिगत २ वर्षमा गंगाजमुना गाउँपालिकावा अन्य कुनै निकायबार अनुदान प्राप्त गरेको भए सो को विवरण | |

*२. हालको व्यवसायिक विवरणः*

| क.स. | व्यवसाय | क्षेत्रफल/संख्या | उत्पादन परिमाण | उत्पादनमुल्य | प्रबिधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*३.माग गरिएको अनुदान रकमबाट गरिने क्रियाकलापको विवरण :*

| क्र.स. | क्रियाकलापको विवरण | परिमाण | अनुमानित लागत | | कुल रकम | सम्पन्न गर्न लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | आफुले व्यहोर्ने | माग गरिएको | | | |
| पुँजीगत तर्फ | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| अन्य कार्यहरु | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

*४.कार्यक्रम संचालन बाट प्राप्त हुने उपलब्धिहरुः*

*५.बजार योजनाः*

*६.नविनतम सोच र दिगोपनाः*

# अनुसूची-४

## कार्यक्रम संचालनका लागि लाभग्राही छनौट गर्दा अपनाइने मुल्यांकनका आधारहरु

| क्र.स. | मुल्यांकनका आधारहरु | प्राप्त विवरण | पुर्णाङ्क | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|---|
| १ | पालनगर्दै आएको पशुपन्छी संख्या | | २० | | |
| २ | भौगोलिक बनावट, बिधुत, सडक, बजार | | १० | | |
| ३ | व्यवसायिक पशुपन्छीपालन गरिने जग्गाको क्षेत्रफ़ल | | १० | | |
| ४ | घाँस/दानाको उपलब्धता | | १० | | |
| ५ | बजारको सुनिश्चिता | | १० | | |
| ६ | जनशक्तिको उपलब्धता | | १० | | |
| ७ | बातावरणी प्रभावकारिता | | १० | | |
| ७ | पशुप्राविधिकको उपलब्धता | | १० | | |
| ८ | लगानी गर्न सक्ने क्षमता | | ५ | | |
| ९ | सम्बन्धित विषयमा तालिम लिएको | | ५ | | |
| जम्मा | | | १०० | | |

## अनुसूची-५

## ..........................................................कार्यक्रमका लागि सम्झौता पत्रको ढाँचा

## सम्झौता पत्र

श्री गंगाजमुना गाउँपालिका(यस पछी पहिलो पक्ष भनिने)र धादिङ जिल्ला गंगाजमुना गाउँपालिका वडा नम्बर ........... स्थित.............................................मा इस्थापना भएको श्री ..................................................... फर्म/ समूह/सहकारीको संचालक श्री...................................................(यस पछी दोस्रो पक्ष भनिने)बीच साझेदारीमा आ.व........../.........को स्वीकृत .......................................................कार्यक्रम गंगाजमुना गाउँपालिका वडा नम्बर .......................मा संचालन गर्न तपशिल बमोजिमकाशर्तका अधिनमा रही यो सम्झौता – पत्रमा हस्ताक्षर गरि लियौं/दियौं ।

तपशिलः

१.यो कार्यक्रम मिति ........................देखि.......................... सम्ममा सम्पन्न गरि सक्नुपर्नेछ।
२.दोस्रो पक्षलेप्राबिधिक इस्टिमेट अनुसारको निर्माण कार्य गर्नुपर्नेछ।
३. प्रथम पक्षले.....................................................................कार्यक्रम संचालनका लागि इस्टिमेट गरिएको कुलरकम रु ............................ (अक्ष्यरुपी..........................................मात्र/-)को कार्य सम्पन्न भए पछी५०%अक्ष्यरुपी.................................................................मात्र/- पालिकाको नियमानुसार कर कट्टा गरि अनुदान स्वरूप व्यवसायिक फर्म ,कृषक समुह/सहकारीको खातामा भुक्तानी गर्नेछ ।
४.अनुदान रकम बराबरको रकम रु................................. अक्ष्यरुपी............................................................ दोश्रो पक्षले पनि लगानी गर्नुपर्ने हुन्छ साथै लगानी गरेको प्रस्ट हुने बिल भरपाई पेश गर्नुपर्नेहुन्छ ।
५.कम सम्पन्न भए पश्चात दोश्रो पक्षले उल्लेखित कागजातहरु सहित गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।
क)वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कलपत्र
ख) सक्कल सम्झौता पत्र
ग) वडा स्तरिय अनुगमन प्रतिवेदनको सक्कल प्रति

घ) आवश्यक बिल भरपाई

ङ) अनुदान कार्यक्रम संचालन भएको स्थानको फोटो ३ प्रति

च) समुह/सहकारीको हकमा कार्यसमितिको बैठकको कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि

छ) कार्यसम्पन्न भएको प्राबिधिक प्रतिवेदन

ज) भुक्तानीको लागि निबेदन

६.छनौट भएका व्यवसायीले गर्न चाहेकामुख्य मुख्य कामहरु

| क.स. | कामको विवरण | अनुदान(५०%)रु | लगानी(५०%)रु | कुल लागत(१००%)रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७.यस सम्झौतामाउल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागु हुनेछ ।

<u>प्रथम पक्षको तर्फबाट</u>

नामथरः

पदः

सम्पर्कनं.:

छापः

मितिः

<u>दोश्रो पक्षको तर्फबाट</u>

नामथरः

पदः

सम्पर्क नं.:

छापः

मितिः

<u>रहोबर</u>

नामथरः

पदः

सम्पर्कनं.:

छापः

मितिः